# प्रदेश सरकार
# प्रदेश नं ५
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# वुटवल, नेपाल

सचिव वैठक न : २६
मिति: २०७५।१२।१५

उपस्थिति

| | | |
|---|---|---|
| डा. तीर्थराज ढकाल, | प्रमुख सचिव, | प्रदेश नं ५ |
| श्री तारा प्रसाद भट्टराई | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री बसन्त अधिकारी | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री धनन्जय पौडेल, | सचिव, | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री यामनारायण देवकोटा, | सचिव, | भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री कृष्ण प्रसाद ज्ञवाली | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री जनार्दन पौडेल | नि. सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री हरिसिंह धामी | नि. सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| श्री टंकनाथ पन्थी | शाखा अधिकृत | भौतिक पूर्वाधार विकास मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव, | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री ज्ञानहरि घिमिरे | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. प्रदेश सरकारका मन्त्रालय एवम् अन्तर्गत निकायहरुको दोश्रो चौमासिक अवधिसम्मको कार्यान्वयन प्रगतिका बारेमा विस्तृत छलफल भयो । यस सम्वन्धमा देहायबमोजिम गर्ने ।

क. माननीय मुख्यमन्त्रीबाट समिक्षा अवधिमा निर्देशन भएबमोजिम चालू आ.व.मा संचालन र कार्यान्वयन भइरहेका कार्यक्रमहरुमा समस्या देखिएमा अविलम्व समस्या समाधान गरी कार्यान्वयनलाई गति दिने ।

ख. कुनै कार्यक्रम वा आयोजनाको कार्यक्रम संशोधन वा रकमान्तर गर्नुपर्ने भए २०७५ चैत्र मसान्त भित्रै गराइसक्ने ।

ग. मन्त्रालय वा अन्तर्गत निकायहरुबाट कार्यान्वित क्रियाकलाप, कार्यक्रम तथा आयोजनाहरुको मन्त्रालयस्तरबाट नियमित अनुगमन गर्ने, गराउने।

प्रमुख सचिव

घ. आयोजनाको आकार, अनुमानित लागत, जनशक्ति क्षमता र प्रविधिका कारणले हाल प्रदेश तहबाट सञ्चालन हुन नसक्ने देखिएमा त्यस्ता आयोजनाहरुको सूची माननीय मुख्यमन्त्रीज्यूको निर्देशन अनुरुप एक हप्ताभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

२. नेपाल सरकारबाट समायोजन भई यस प्रदेशमा आएका कर्मचारीहरुको पदस्थापन सम्वन्धमा देहायबमोजिम गर्ने ।

क. प्रदेश सरकार (मन्त्रिपरिषद्) वाट स्वीकृत प्रदेश सेवाका कर्मचारी (व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०७५ को व्यवस्थाबमोजिम नै हुनेगरी कर्मचारी पदस्थापन तथा कामकाज गर्न खटाउने ।

ख. हाल मन्त्रालय र अन्तर्गत निकायहरुमा कार्यरत रहेका र यस प्रदेशमा नै समायोजन भएका कर्मचारीहरुलाई पदस्थापनका लागि रमाना भई आउनु नपर्ने व्यवस्था भएपनि निजहरुलाई समायोजन ऐन, २०७५ बमोजिम पदस्थापन गर्नुपर्ने भएकोले त्यस्ता कर्मचारीहरुको पदगत र तहगत विवरण तयार गरी पदस्थापन प्रक्रियाका लागि ३ दन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

ग. कुनै पदका लागि यस प्रदेशमा समायोजन भएका कर्मचारीहरु दरवन्दी संख्याभन्दा न्यून भएमा कामकाजका लागि नेपाल सरकारमा अनुरोध गरी पठाउने प्रयोजनका लागि कुन पदमा कति कर्मचारीहरु न्यून भएका छन् सोको एकिन गरी अविलम्व मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा विवरण पठाउने ।

घ. स्थापना हुन बाँकी कार्यालयका लागि समेत कर्मचारीहरु पदस्थापन भइ आएकाले कार्यालय स्थापना गरी संचालनको व्यवस्था मिलाउने ।

ङ. फाजिलका रहेका र संघीय निजामती सेवामा समायोजन भएका कर्मचारीहरु कार्यरत रहेका दरवन्दीमा कर्मचारी पदस्थापन भइसकेका तर त्यस्ता कर्मचारीहरु समायोजन पत्र नपाएका कारण रमाना हुन नपाई सोही दरवन्दीमा कार्यरत भइरहेकोमा त्यस्ता कर्मचारीहरुलाई हाल सोही मन्त्रालय / कार्यालयमा नै कामकाज गराइराख्ने र सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

३. नेपाल सरकारको निर्णयबाट प्रदेश नं ५ को मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सरुवा भई आउनु भएका सचिव श्री तारा प्रसाद भट्टराईलाई स्वागत गर्ने ।

२०७५/१२/१८

प्रमुख सचिव

सादर अवगतार्थः

माननीय मुख्यमन्त्रीज्यू, प्रदेश नं. ५, बुटवल, नेपाल ।